Australian Government
Department of Health, Disability and Ageing

medicare
Urgent Care Clinic

# बिरामीको घटना अध्ययन (केस स्टडी)
## डेलेना न्युयेन (Delena Nguyen)



**५० वर्षीया डेलेना सिड्नीमा रहेको भियतनामी परिवारकी एक घनिष्ठ सदस्य हुन्। उनको दैनिक जिवनमा, उनी वित्तीय क्षेत्रमा काम गर्छिन् र सँगसँगै उनको एउटा सानो भियतनामी भोजनालय व्यवसाय पनि छ। डेलेना आफ्ना साथीहरूसँग कफी पिउन र आफ्नो समुदायका मानिससँग ब्याडमिन्टन खेल्न मन पराउँछिन्।**

डेलेनाले पहिलो पटक मेडिकेयर अर्जेन्ट केयर क्लिनिकहरू (मेडिकेयर यु.सी.सी.) को बारेमा आफ्नो ब्याडमिन्टन क्लब मार्फत थाहा पाइन्, जब उनका साथीहरूले खेल्ने क्रममा हल्का फुल्का लागेको चोटपटकको उपचारको लागि मेडिकेयर यु.सी.सी. हरू मा गएको उल्लेख गरे। उनले क्लिनिकहरू बारेको टि.भी. विज्ञापनहरू पनि हेरेकी थिइन्, त्यसैले उनलाई थाहा थियो कि मेडिकेयर यु.सी.सी. हरू देशभरिनै छन् र अबेरसम्म खुला रहन्छन्।

एक दिन साँझ खाना खानुभन्दा अघि, डेलेनाकी भतिजीले हरियो आँप काट्ने क्रममा आफ्नो औंला काटिन्। घाउ गहिरो थियो र धेरै रगत बगिरहेको थियो। डेलेनाले सम्झिइन् कि मेडिकेयर यु.सी.सी. हरूले ज्यान-जाने जोखिम नभएका तर तत्काल उपचार आवश्यक हुने घटनाहरुको उपचार गर्छन्, त्यसैले उनले मेडिकेयर यु.सी.सी. को वेबसाइटमा खोजी गरिन् र फेयरफिल्ड क्लिनिक फेला पारिन्, जुन केवल ४ मिनेटको दुरीमा रहेछ।

जब डेलेना र उनकी भतिजी क्लिनिकमा पुगे, उनीहरूलाई दुईजना नर्सहरूले स्वागत गरे जसले उनकी भतिजीको चिकित्सा विवरण टिपोट गरे र चोटपटकको जाँच गरे। उनीहरू बिरामीहरूको चाप धेरै नभएको समयमा पुगेकाले, एकैछिनमा सम्पूर्ण चिकित्सा मूल्याङ्कन गर्न एक जना डाक्टर आइपुगे। डाक्टरले चक्कर लाग्ने वा सम्भावित स्नायु क्षति जस्ता अन्य लक्षणहरू जाँच गर्न प्रश्नहरू सोधे।

घाउको सरसफाइ र जाँच गरियो। डाक्टरले ४ देखि ५ वोटा टाँका आवश्यक पर्ने बताए, जुन सबै मेडिकेयर यु.सी.सी. मा नै तुरुन्तै गर्न सकिदो रहेछ। पन्ध्र मिनेट पछि, उपचार पूरा भयो।

'कर्मचारीहरू मिलनसार र शान्त स्वभावका थिए। उनीहरूले सबै कुरा स्पष्ट रूपमा व्याख्या गरे, जसले मेरी भतिजीलाई सहज महसुस गराउन मद्दत गर्‍यो।'

उनी सम्झन्छिन् त्यो प्रक्रिया कति छिटोछरितो र सरल थियो:

'हामीलाई धेरै समय कुर्नु परेन; सम्पूर्ण कामको लागि लगभग ३० मिनेट[1] लाग्यो। आकस्मिक विभागमा नगैकनै डाक्टरले उनलाई त्यहीँ टाँका लगाइदिन सकेकाले मैले निकै राहत महसुस गरें।'

आफ्नो सकारात्मक अनुभवको आधारमा, भविष्यमा फेरि मेडिकेयर यु.सी.सी. रोज्ने कुरा डेलेना भन्छिन्।

'एउटा अर्को विकल्पको रूपमा मेडिकेयर अर्जेन्ट केयर क्लिनिकहरू लाई राख्नु धेरै महत्त्वपूर्ण हुन्छ। मेरो जस्ता परिवारहरूका लागि, यसको अर्थ हामीले घर नजिकै तत्काल अत्यावश्यक उपचार प्राप्त गर्न सक्छौं।'

1: पर्खने समय माग अनुसार फरक हुन सक्छ; बिरामीहरूलाई चिकित्सकीय अत्यावश्यकता अनुसार प्रारम्भिक मूल्याङ्कन गरिन्छ र उपचार गरिन्छ।

**तपाईंको नजिकैको मेडिकेयर अर्जेन्ट केयर क्लिनिक फेला पार्न, यहाँ हेर्नुहोस्:**

**health.gov.au/find-a-medicare-ucc**